

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २८ गते शनिबार ❑ 11 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीका नवनिर्वाचित जनप्रतिनिधिलाई अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, २७ जेठ

गण्डकी प्रदेश मुख्यमन्त्री तथामन्त्रिपरिषद्को कार्यालयको आयोजना एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहजीकरणमा गण्डकी प्रदेशका नवनिर्वाचित जनप्रतिनिधिलाई स्थानीय सरकार सञ्चालन तथा स्थानीय विकाससम्बन्धी अभिमुखीकरण दिइएको छ।

स्थानीय सरकार सञ्चालनमा जनप्रतिनिधिलाई काम, कर्तव्य अधिकारसँगै जिम्मेवारी, दायित्वलगायत विषयमा जानकारी दिने उद्देश्यका साथ अभिमुखीकरण कार्यक्रम गरिएको हो।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले जनतालाई सहज, सरल एवं प्रभावकारी सेवा प्रवाह गर्नु जनप्रतिनिधिको दायित्व भएको बताउनुभयो। समृद्ध गण्डकी प्रदेशको सपनालाई साकार पार्न एकापसमा सहकार्य र समन्वय गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै उहाँले पालिका-पालिकाबीचको सहयोग आदानप्रदान एवं सहकार्यलाई अघि बढाउनुपर्ने बताउनुभयो। प्रदेशको समृद्धिसँग जोडिएको कोरोला-त्रिवेणी सडकअन्तर्गत डेढगाउँ झ्यालवासखण्ड जोडिन लागेको उहाँले बताउनुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गण्डकी आफैँमा सम्भावनायुक्त प्रदेश भएकाले एकापसमा सहकार्य गर्दैअघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। पोखरा र वरपरका सहरबीच सहकार्य गर्दै बृहत् पोखराको अवधारणा समेटेर अघि बढ्नुपर्ने उहाँले बताउनुभयो। गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता रोहितराज बाँस्तोलाले एकापसको सहकार्य र सहयोगले समृद्धि तथा विकासका लागि महत्वपूर्ण सहयोग मिल्ने हुँदा त्यसतर्फ ध्यान दिन आग्रह गर्नुभयो।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा रघुराज काफ्लेले निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्न जनप्रतिनिधिलाई सुझाव दिनुभयो। स्थानीय तहमा प्रतिपक्षको प्रणाली नभएका कारण उपविजेता, नागरिक समाजलगायतलाई साथमा लिएर हिँड्नुपर्ने आवश्यकता औँल्याउनुभयो। प्रदेश भित्रका ८५ वटै पालिकाका प्रमुख तथा उपप्रमुख सहभागी अभिमुखीकरण शनिबारसम्म चल्नेछ।

## १० महिनामा १४ खर्ब ३१ अर्ब व्यापार घाटा

रासस
काठमाडौं, २७ जेठ

चालू आर्थिक वर्ष २०७८/७९ को १० महिनाको अवधिमा नेपालको कूल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३०.५ प्रतिशतले बढेको छ। व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार चालू आवको वैशाखसम्मको अवधिमा नेपालको कूल वैदेशिक व्यापार रु १७ खर्ब ७८ अर्ब पुगेको छ।

कूल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ९.७ र ९०.३ प्रतिशत छ। समीक्षा अवधिमा नेपालको कूल निकासी ५९.८ प्रतिशतले वृद्धि भई रु एक खर्ब ७३ अर्ब ३५ करोड तथा कूल पैठारी २८ प्रतिशतले वृद्धि भई रु १६ खर्ब चार अर्ब ६५ करोड पुगेको छ।

अघिल्लो आवको प्रथम १० महिनाको अवधिमा निकासी-पैठारी व्यापारको अनुपात १:११.६ रहेकामा चालू आवको सोही अवधिमा निकासी-पैठारी व्यापारको अनुपात १:९.३ रहन आएको छ। उक्त अवधिमा नेपालबाट भटमासको तेल, पाम आयल, पोलिष्टर तथा अन्य धागो, ऊनी गलैंचा, जुट तथा जुटका सामान, तयारी पोशाक, जुस, सूर्यमुखी तेल, अलैंची, ऊनी फेल्टका उत्पादन, कपडा, चिया, पश्मिना शल, कुकुर र बिरालोको आहार (डग च्यू), फलाम तथा फलामका उत्पादन, चाउचाउ, नेपाली हाते कागज, रोजिन र रेजिन एसिड तथा जडीबुटी निकासी भएका छन्।

भटमासको तेलको निर्यातमा २६.८५ प्रतिशतले वृद्धि भएको छ। रु ४५ अर्ब ३५ करोडको भटमासको तेल निर्यात हुँदा समीक्षा अवधिमा रु ३७ अर्ब ९५ करोडको पाम आयल निर्यात भएको केन्द्रले जनाएको छ। समीक्षा अवधिमा यार्न (पोलिष्टर, सूर्ती तथा अन्य) को निर्यातमा ५९.१२ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा ऊनी गलैंचा निर्यातमा २८.५६, जुट तथा जुटका उत्पादन निर्यातमा १६.२१ प्रतिशतले वृद्धि भएको छ। सोही अवधिमा कुकुर र बिरालोको आहार (डगच्यू)को निर्यातमा ४१.१३ प्रतिशतले वृद्धि भई रु दुई अर्ब ३१ करोड पुगेको केन्द्रले जनाएको छ।

चालू आवको १० महिनाको अवधिमा प्रशोधित खाद्य तेल (भटमासको तेल, पाम आयल, सूर्यमुखी तेल) को निर्यात कूल निर्यातमा ५०.५३ प्रतिशतको हिस्सा ओगट्दै प्रमुख निर्यातजन्य वस्तुका रुपमा देखापरेको छ। यस अवधिमा प्रशोधित खाद्य तेलको कूल निर्यात रु ८७ अर्ब ६० करोड पुगेको छ। प्रशोधित खाद्य तेलको निर्यातमध्ये भटमासको तेल, पाम आयल तथा सूर्यमुखीतेलको निर्यातको हिस्सा नेपालको कुल निर्यातमा क्रमशः २६.१६, २१.८९ र २.४८ प्रतिशत छ।

कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अलैंची र चियाको निर्यातमा भने ह्रास आएको छ। समीक्षा अवधिमा अलैंचीको निर्यातमा २९.५३ प्रतिशतले ह्रास आई रु चार अर्ब २२ करोड र चियाको निर्यातमा १८.२३ प्रतिशतले ह्रास आई रु दुई अर्ब ७६ करोडमा सीमित भएको छ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान ओगट्ने भारततर्फको निर्यातमा ७२.९ प्रतिशतले वृद्धि भई रु एक खर्ब ३७ अर्ब १८ करोड पुगेको छ। नेपालको कूल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ७३.१२ प्रतिशत रहेकामा चालू आर्थिक वर्षमा सो हिस्सा बढेर ७९.१३ प्रतिशत पुगेको छ। नेपालको निर्यातमा ५०.५३ प्रतिशत योगदान राख्ने भटमास, पाम आयल र सूर्यमुखी तेलको निर्यात भारतमा नै भइरहेकाले नेपालको कूल निकासीमा भारततर्फको हिस्सामा यस्तो बढोत्तरी देखिएको हो। संयुक्तराज्य अमेरिका, जर्मनी, टर्की, युके, फ्रान्स, अष्ट्रेलिया, क्यानडा, इटाली, जापान, चीन, नेदरलेण्डस्, डेनमार्क, बङ्गलादेशलगायत मुलुकमा नेपाली उत्पादन निर्यात हुँदै आएका छन्।

चालू आवको प्रथम १० महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थको आयातमा ८१.१ प्रतिशतले वृद्धि भएको छ। सो अवधिमा रु दुई खर्ब ५२ अर्ब ९४ करोडको पेट्रोलियम पदार्थ आयात भएको छ। समीक्षा अवधिमा फलाम तथा स्टिल र तिनका उत्पादनको आयातमा १३.८, मेशिनरी तथा पार्टसको आयातमा २२.१, यातायातका साधन र तिनका पार्टपुर्जाको आयातमा ५.३, कच्चा भटमास तेलको आयातमा २५.२ प्रतिशतले वृद्धि भएको छ।

समीक्षा अवधिमा औषधीको आयातमा १३४.९ प्रतिशतले वृद्धि भएको छ। खोपको आयात भारीमात्रामा हुन गई औषधिको आयातमा यस्तो वृद्धि देखिएको हो। भारत, चीन, इण्डोनेशिया, संयुक्तराज्य अमेरिका, युएई, अर्जेन्टिना, अष्ट्रेलिया, युक्रेन, मलेशिया, ब्राजिल, बङ्गलादेश, थाइल्याण्ड, क्यानडा तथा टर्कीबाट प्रमुखरुपमा वस्तु आयात हुने गरेको छ।

चालू आवको समीक्षा अवधिमा समग्र निकासीमा उल्लेख्यरुपमा सुधार भए पनि पैठारीमा देखिएको वृद्धिका कारण व्यापार घाटामा २४.९ प्रतिशतले वृद्धि भई कूल व्यापार घाटा रु १४ खर्ब ३१ अर्ब ३० करोड पुगेको छ।

## मैले कसैलाई प्रधानमन्त्री बनाउँछु भनेको छैन : एमाले अध्यक्ष ओली

रासस
काठमाडौं, २७ जेठ

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले नेपाली जनताले आगामी प्रदेश र संसदीय निर्वाचनमा पार्टीलाई अधिक स्थानमा विजयी गराउने जिकिर गर्नुभएको छ।

विराटनगर विमानस्थलमा शुक्रबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै उहाँले एमाले सङ्घीयता र लोकतन्त्रको रक्षा गर्न प्रतिबद्ध रहनाका साथै संविधान निर्माणमा महत्वपूर्ण भूमिका निभाएका कारण जनताले संसदीय निर्वाचनमा पहिलो पार्टी बनाउने धारणा राख्नुभयो। अध्यक्ष ओलीले आगामी संसदीय निर्वाचनमा अन्य कुनै वामपन्थी पार्टीसँग गठबन्धन नहुने बताउनुभएको छ। उहाँले मुलुकमा एमाले मात्र वामपन्थी पार्टी रहेको जिकिर गर्दै अन्य पार्टीहरु वामपन्थी नभएको आरोप लगाउनुभयो। पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका ओलीले नेकपा एकीकृत (समाजवादी)का कार्यकर्तालाई एमालेमा आए समाहित गरिने बताउनुभयो। उहाँले आफुले अन्य पार्टीका नेतालाई प्रधानमन्त्री बनाउने सम्बन्धमा कुनै आश्वासन नदिएको बताउनुभयो। उहाँले स्थानीय पालिकाको निर्वाचनले सबै निर्वाचनको स्थिति तय नगर्ने भन्दै सिट सङ्ख्याका हिसाबले केही कम आएर दोस्रो भए पनि लोकप्रिय मतका हिसाबले पार्टी पहिलो भएको जिकिर गर्नुभयो।

## तनहुँमा चार महिनादेखि युरिया मल अभाव

पोखरापत्र संवाददाता
तनहुँ, २७ जेठ

गत माघ महिनादेखि युरिया मल अभाव हुँदा तनहुँका किसान मारमा परेका छन्। मकै र चैते धान बालीमा मल प्रयोग गर्न नपाउँदा उत्पादनमा कमी आउने किसानको चिन्ता छ।

दैनिक किसान आउने गरे पनि खाली हात फर्किनुपर्ने बाध्यता रहेको कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय दमौलीका प्रमुख दिनेश शर्माले जानकारी दिनुभयो। करिब पाँच महिनादेखि युरिया मल आयत नहुँदा किसानले चर्को समस्या भोग्नुपरेको छ। उहाँले भन्नुभयो, 'कार्यालयमा पोटास मल करिब ६० टन स्टक रहे पनि डिएपी मल यसअघि नै किसानलाई वितरण गरिसकिएको छ।' सरकारले ग्लोबल टेण्डरमार्फत विश्वका जुनसुकै मुलुकबाट खरिद गरी ल्याउने प्रक्रियामा रहेकाले असार पहिलो साताभित्र युरिया मल आउने आश्वासन मन्त्रालयबाट पाइएको उहाँले बताउनुभयो।

'खरिद गर्ने हाम्रो अधिकार हुँदैन', उहाँले भन्नुभयो, 'मन्त्रालयबाट खरिद गरी कृषि सामग्री कम्पनीलाई दिएको मल वीरगञ्ज कार्यालयबाट विभिन्न जिल्लालाई पठाएको मल प्राप्त गरी किसानलाई वितरण गर्ने गरिएको छ।'

गत साउनदेखि माघसम्म ६०० टन युरिया मल किसानलाई वितरण गरिए पनि त्यसपछि मल आयात नहुँदा किसानले समस्या भोग्नुपरेको उहाँले जानकारी दिनुभयो।

युरिया मल अभाव भएको बजारमा विभिन्न माध्यमबाट आएको मल बिक्री वितरण गर्न व्यास नगरपालिकाले अनुमति दिएको छ। अनुमतिपत्र लिएका र गुणस्तर खाद्य तत्व भएको मल बिक्री गर्न निर्णय नै गरी बिक्रीका लागि अनुमति दिइएको व्यास नगरपालिका कृषि शाखाका प्रमुख विश्वराज वाग्लेले जानकारी दिनुभयो। उहाँका अनुसार युरिया मल प्रतिकिलो रु ५५ मा बिक्री गर्न अनुमति दिइएको छ।

दिनैभरि मल छैन भन्दै किसानलाई फकाउनुपरेको मलखाद व्यवसायी सङ्घ तनहुँका अध्यक्ष एवं पशुपति बीज भण्डार दमौलीका सञ्चालक गुञ्जमान कोइरालाले बताउनुभयो।

## यी २५ सेवा, जहाँ हड्ताल गर्न पाइँदैन...

रासस
काठमाडौं, २७ जेठ

सरकारले विभिन्न २५ अत्यावश्यक सेवामा कुनै पनि बहानामा हड्ताल वा अवरोध गर्न निषेध गरेको छ।

ती क्षेत्रको संवेदनशीलता र नागरिकसँग जोडिएका विविध क्षेत्रलाई केन्द्रमा राखेर सरकारले विशेष व्यवस्था गरेको हो। गृह मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी क्षेत्रसमेत तोकेर बन्द, हड्ताल गर्न नपाउने आदेश जारी गरेको छ। आवश्यक सेवा सञ्चालन ऐन २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सरकारले विभिन्न २५ आवश्यक सेवामा हड्ताल गर्न निषेधको आदेश जारी गरेको हो।

राजपत्रमा जारी सूचनामा डाँक, तार वा टेलिफोन सेवा, जल, स्थल तथा हवाइमार्गबाट यात्री वा मालसामान ओसारपसार गर्ने यातायात सेवा, हवाइ अड्डा तथा हवाइजहाजको देखभाल, त्यसको सञ्चालन, मर्मत गर्ने कामसँग सम्बन्धित सेवामा हड्ताल गर्न नपाइने उल्लेख छ। प्रकाशित सूचनानुसार हवाइ ग्राउन्डेड, रेल्वे स्टेशन, सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने वा राख्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा, प्रिन्ट वा सरकारी छापाखानासम्बन्धी

बाँकी अन्तिम पृष्ठमा ▸▸


**असन्तुलित खानपान तथा जीवनशैलीका कारण**

◆मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघात, विभिन्न प्रकारका क्यान्सर, ढाड दुख्ने, अलजाइमर्स, श्वासप्रश्वास, मानसिक/उदासिनता जस्ता रोग हुन सक्दछन्।

**यस्ता रोगबाट बच्न;**

◆सन्तुलित र स्वस्थ खाना खाने,
◆शारीरिक क्रियाकलापमा सक्रिय रहने,
◆मदिरा, सूर्ति तथा सूर्तिजन्य वस्तुको उपभोग नगर्ने,
◆काम गर्दा सही तरिका र आसनको प्रयोग गर्ने,
◆प्रशस्तमात्रामा पानी पिउने,
◆तनावको उचित व्यवस्थापन गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सडक भासिएपछि बिरामीलाई हेलिकोप्टरबाट काठमाडौँ लगियो

**पोखरापत्र संवाददाता**
**गोरखा, २७ जेठ**

गोरखाको बारपाकका एक बिरामीलाई हेलिकोप्टरबाट उपचारका लागि काठमाडौँ लगिएको छ । उक्त रक्तचापका बिरामी ५२ वर्षीय बालशम्सेर गुरुङलाई एयर डाइनेष्टीको हेलिकोप्टरबाट आज काठमाडौँ लगिएको हो ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-४ स्थित पावरहाउस नजिक आज बिहान सडक भासिएपछि राजमार्ग अवरुद्ध छ । सडकमार्ग हुँदै जान नसकिने भएपछि दमौलीमा हेलिकोप्टर मगाएर काठमाडौँ लगिएको परिवारले जनाएका छन् । पृथ्वीराजमार्ग भासिएर यातायात अवरुद्ध भएपछि भित्ता काट्न सुरु गरिएको छ । यातायात सुचारु गराउनका लागि सडक छेउको भित्ता काट्न सुरु गरिएको हो । निरन्तर वर्षाका कारण शुक्रबार बिहान राजमार्ग भासिएपछि दुईतर्फी सडक अवरुद्ध भएको छ । भित्ता काटेर साना गाडीसम्म सञ्चालन गराउन पहल भइरहेको प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जानकारी दिनुभयो । "डेढ मिटरसम्म भित्ता काटेर एकतर्फीरूपमा साना गाडीसम्म चलाउन सकिन्छ भन्ने छ", उहाँले भन्नुभयो, "बेलुकासम्म काम सकेर यातायात सञ्चालन हुन्छ ।" सडक अवरुद्ध हुँदा सर्वसाधारण मर्कामा परेका छन् । आँबुखैरेनी हुँदै चितवन, काठमाडौँ जाने र पोखरातर्फ आउने सवारीसाधन रोकिएका छन् । सर्वसाधारणलाई भने सुरक्षितरूपमा पैदल हुँदै वारपार गराउने व्यवस्था मिलाइएको छ ।

सडक भासिएको ठाउँमा एउटा कार समेत पुरिएको छ । कार पुरिँदा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमध्ये गोरखाको छोप्राक घर भई हाल आँबुखैरेनी गाउँपालिका-२ का ३५ वर्षीय केशव घिमिरे रहेको र अर्का मृतकको पहिचान खुल्न बाँकी रहेको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो । मानवीय क्षति अन्य पनि हुनसक्ने भएकाले खोजीकार्य भइरहेको छ । उक्त ठाउँबाट मोटरसाइकल खसे पनि चालक भने सकुसल भेटिएका थिए । सडक भासिएपछि पृथ्वीराजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । तत्काल राजमार्ग सञ्चालन हुने सम्भावना नरहेको प्रहरीले जनाएको छ । यहाँ वैकल्पिक मार्ग नभएकाले यात्रुहरू मर्कामा परेका छन् । आँबुखैरेनी गाउँपालिकाका इञ्जीनियरहरू घटनास्थल पुगेका छन् । गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले सडक भासिएको ठाउँमा बेलिब्रिज राख्ने वा भित्ता फालेर सडक फराकिलो पार्ने भनेर अध्ययनपछि टुङ्गो लाग्ने जानकारी दिनुभयो । प्रमुख जिल्ला अधिकारी अर्यालले सडक भासिएको ठाउँमा अवलोकनका लागि प्राविधिक टोली पठाइएको जानकारी दिनुभयो । प्राविधिकको सुझावअनुसार अघि बढ्ने उहाँले बताउनुभयो ।

# बाढी र पहिराबाट क्षति

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ जेठ**

यस वर्षको मनसुन सुरु नहुँदै परेको वर्षाका कारण बागलुङमा करोडौँको क्षति भएको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर मनसुन फैलिने क्रममा छ । तर गत मङ्गबारदेखि बागलुङका विभिन्न ठाउँमा भइरहेको भीषण वर्षाका कारण दजनौँ घरपरिवार विस्थापित भएका छन् भने करोडौँ खर्चेर बनेका संरचना क्षत्‌विक्षत भएका छन् ।

जिल्लाको वर्षापछिको बाढी र पहिराका कारण जिल्लाको गलकोट नगरपालिकामा ३५ घरपरिवार पहिराको जोखिममा परेका छन् भने जैमिनी नगरपालिका-९ र १० मा १९ परिवार पहिराको जोखिममा परेका छन् । बुधबार साँझदेखि बिहीबार बिहानसम्म निरन्तर परेको वर्षाका कारण गलकोट र जैमिनी नगरका विभिन्न क्षेत्रमा रहेका खहरे खोला बढ्दा बाढीसँगै पहिरो चल्न थालेपछि बस्ती जोखिममा परेका हुन् । वर्षा सुरु भएसँगै जिल्लाभर त्रास बढेको छ । गत वर्षको ३१ जेठ र असारको पहिलो साता परेको वर्षाका कारण जिल्लाका विभिन्न क्षेत्रमा सडक क्षत्‌विक्षत बनाउनुका साथै कैयौँ सडक अवरुद्ध भएका थिए । यस वर्ष पनि जेठको अन्तिम साता परेको वर्षाले गतसाल जस्तै क्षति गर्ने त्रास रहेको जैमिनी-१० का शिव श्रीस मगरले बताउनुभयो ।

"सडक बनाउँदा गाउँ जोखिममा परेको छ, बस्तीभन्दा तलमाथि दुवैतर्फ सडक छ", उहाँले भन्नुभयो, "वर्षा हुँदा बाढी सबै गाउँमा पस्छ, बसिनसक्नुभएको छ गाउँ ।" जैमिनी-१० राङ्खानीको सिप्रिङ र तोरीबारी गाउँका १७ घर परिवार स्थानान्त्रण गर्नुपर्ने अवस्थामा रहेको उहाँले बताउनुभयो ।

"तत्कालका लागि तीन घर विस्थापित नै भए, अरु पनि बस्ती सार्नुपर्ने पहिलैदेखि आवाज उठेको हो", उहाँले भन्नुभयो, "बलवीर नेपाली, लालबहादुर नेपाली र मनबहादुर नेपालीको परिवार विस्थापित भएका छन् ।" वडा नं ९ पैँयुथन्थापमा पनि बाढी र पहिराका कारण दुई घर जोखिममा रहेका छन् ।

चालू आर्थिक वर्षमा करोडौँ खर्नेर स्तरोन्नति गरिएका गलकोट र जैमिनी नगरपालिकाका सडक पनि सवारी नै नचल्ने गरी बाढीले खोलेको छ । कालोपत्र भएका सडकमा समेत बाढीले ठूलो क्षति पुऱ्याएको नगरपालिकाको अनुमान छ । सडक निर्माणका क्रममा उचित भल व्यवस्थापन हुन नसक्दा बाढी र पहिराको क्षति व्यहोर्नुपरेको जैमिनी नगरपालिका-१ का टीकाराम शर्माले बताउनुभयो ।

गलकोट नगरपालिका-१, २, ३ र ४ मा वर्षाले बढी क्षति पुऱ्याएको छ । वडा नं १ का अम्मरबहादुर खड्काको गोठ पहिरामा पुरिँदा तीन वटा भैँसी र एउटा माउ बाख्रा मरेको वडाध्यक्ष लालबहादुर रानाले जानकारी दिनुभयो ।

उहाँका अनुसार भुङ्खानी, गहते, काफलठुटालगायतका बस्ती पहिराको जोखिममा छन् । स्थानीय विजयी खत्रीको घरमा पनि पहिराले क्षति पुऱ्याएको छ । साविक वडा नं ३ का अधिकांश घर जोखिममा रहेको, हरेक घरका पछिपट्टि सानादेखि ठूलासम्म पहिरो खसेको उहाँले बताउनुभयो ।

पहिराका कारण मध्यपहाडी पुष्पलाल लोकमार्ग बिहीबार दिनभरि अवरुद्ध रह्यो । निरन्तरको प्रयासपछि बिहीबार साँझदेखि सडक खुलेको गलकोट नगरका प्रवक्ता हेमन्त भण्डारीले जानकारी दिनुभयो ।

गलकोट-१ नरेठाँटी बजार र आसपासका ठाउँमा पनि बाढीपहिराका कारण घर जोखिममा छन् । नरेठाँटी बजारका ३५ घर उच्च जोखिममा रहेको जनाइएको छ । बाढीले स्थानीय महेन्द्र माविको खेल मैदानसमेत पुरिएको छ । वर्षा भइरहँदा स्थानीयले बाढी नतर्काएका भए अझ ठूलो क्षति निम्तने अवस्था रहेको वडा नं २ का वडाध्यक्षसमेत रहेका नगरका प्रवक्ता भण्डारीले बताउनुभयो ।

वडा नं ३ को हटियाबजार-४ को डाँडाखेतलगायतका ठाउँमा पनि भलबाढीले क्षति पुऱ्याएको छ ।

# एन प्याक्सनको वादविवाद प्रतियोगितामा करुणा प्रथम

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ जेठ**



एन प्याक्सन कास्कीले आयोजना गरेको अन्तर विद्यालय स्तरीय वादविवाद प्रतियोगितामा युनिभर्स इङ्लीस वोर्डिङकी करुण शर्मा प्रथम भएकी छन् ।

प्रतियोगितामा पुष्पसदन एकेडेमीका रिजन अधिकारी द्धितीय भए । त्यसैगरी हेमजा वोर्डिङ स्कूलकी सोनिका पोखेल, ज्ञानज्योति वोर्डिङ स्कूलकी सवानी परियार, ज्ञानज्योति विद्या कुञ्जकी खुशी गुरुङ तथा डायमण्ड मोडेल स्कूलकी कृपा अधिकारी तृतीय भएका थिए । कार्यक्रममा विजयी विद्यार्थीलाई नेशनल प्याक्सनका केन्द्रीय सहअध्यक्ष सुवाष न्यौपाने, शिक्षा विद् आरसी खनाल, एन प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले मायाँको चिनो र मेडल प्रदान गरेका थिए । एकात्मक शासन भन्दा सङ्घात्मक शासन वेस भन्ने विषयमा भएको प्रतियोगितामा ३३ जना विद्यार्थीको सहभागिता रहेको कार्यक्रम संयोजक रमेशराज पौडेलले जानकारी दिए ।

प्रतियोगितामा डा. यान बहादुर क्षेत्री, सहप्रध्यापक भिमनाथ बराल र डा.भूमिराज वस्ताकोटी निर्णायकमा रहेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी विश्वविद्यालयका डिन डा. कपिल अधिकारीले प्रश्न सोधाइले नै नयाँ ज्ञानको उचाईमा पुऱ्याउने बताए । 'सयौ अनुत्तरीत प्रश्नबाट नै नयाँ नयाँ ज्ञानको सृजना हुन्छ' उनले भने,' प्रश्न भन्दा माथी कोहि पनि छैन, प्रश्न गर्ने क्षमता राख्नुपर्दछ ।' उनले जिज्ञासु शोभाव मऱ्यो भने वैज्ञानिक चेत मर्ने बताउँछै प्रश्न सोध्न कहिल्यै पनि पछि नपर्न विद्यार्थीलाई आग्रह गरे । नेशनल प्याक्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा अतिरिक्त क्रियाकलाप संयोजक राजु केसी, सचिव मनकाजी गुरुङ, कार्यक्रमका सदस्य हरिराज अधिकारीले बोलेका थिए ।

# यी २५ सेवा...

सेवामासमेत हड्ताल गर्न निषेध गरिएको छ । यस्तै सरकारले हातहतियार खरखजाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै पनि सेवामा अवरोध गर्न पाइने छैन ।

त्यस्तै सञ्चार, आन्तरिक सुरक्षाकार्यसँग सम्बन्धित, खानेपानी सञ्चालन तथा वितरण, पर्यटक आवास, मोटेल, होटेल रेष्टुराँ, रिसोर्ट सेवामा पनि अवरोध गर्न नपाइने सूचनामा भनिएको छ । सरकारले पेट्रोलियम पदार्थ (एलपी ग्याससमेत)को पैठारी, ढुवानी, भण्डारण तथा वितरणमा समेत हड्ताल गर्न रोक लगाएको छ । यस्तै अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालनसम्बन्धी सेवा (एम्बुलेन्स जस्ता सेवा) औषधि निर्माण बिक्रीवितरण, फोहरमैला सङ्कलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण, सङ्कलनस्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवामा समेत हड्तालमा रोक लगाइएको छ । बैंक, बीमा, विद्युत् सेवा दैनिक उपभोग्य वस्तु (खाद्यान्न, दाल, चामल, नुन, तेल) को पैठारी ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवामा समेत हड्ताल गर्न नपाइने उल्लेख छ ।

सूचनामा मौसम र बाढी पूर्वानुमान तथा पूर्वसूचना प्रणालीका साथै मास्क, ह्याण्ड सेनिटाइजर, भेटेरिनरी, इन्टरनेट, राहदानी विभागबाट प्रदान हुने र कन्सुलर सेवा विभागबाट प्रदान हुने सेवामासमेत हड्ताल गर्न निषेध गरिएको छ ।

# जनगायक जीवन शर्मा पुरस्कृत

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ जेठ**

जनगायक जीवन शर्मा यहाँ स्थापित 'कलाकार बाबुराम-सरस्वती बज्राचार्य स्मृति पुरस्कार'बाट पुरस्कृत हुनुभएको छ ।

पुरस्कार कोषद्वारा आयोजित समारोहमा बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष युवराज राजभण्डारीले शर्मालाई रु. २० हजार राशिसहित दोसल्ला र प्रमाणपत्र शुक्रबार यहाँ प्रदान गर्नुभयो । सङ्गीत साधनाका माध्यमबाट श्रमजीवी जनता तथा न्याय र समानताका पक्षमा आवाज उठाएबापत शर्मालाई पुरस्कृत गरिएको कोषका अध्यक्ष काजी रोशनले बताउनुभयो । पुरस्कार ग्रहणपछि बोल्दै शर्माले आफ्नै जिल्लामा सम्मानित हुन पाउँदा गौरवको अनुभूति भएको बताउनुभयो ।

'पुरस्कारले प्रेरणा र उर्जा थपेको छ', उहाँले भन्नुभयो, 'कुनै बेला हामीले गीत गाउँदा हत्कडी लगाइन्थ्यो, अहिले गलामा फूलको माला छ ।' सोही समारोहमा शर्माले आफ्नो बहुचर्चित गीत 'सिमली छायाँ बसी...' सुनाउनुभएको थियो ।

बागलुङको जैमिनी नगरपालिका-१० राङखानीमा जन्मनुभएका ६२ वर्षीय शर्मा लामो समयदेखि जनपक्षीय सङ्गीत सिर्जना र गायनमा सक्रिय हुनुहुन्छ । रक्तिम सांस्कृतिक अभियानका संस्थापकसमेत रहनुभएका शर्माका 'सिमली छायाँमा बसी', 'झरनाको चिसो पानी', 'छेकेर छेकिन्न' लगायतका गीत चर्चित छन् ।

स्मृति कोषले भदौरे नाचको संरक्षण र उत्थानमा योगदान पुऱ्याएको भन्दै ज्ञानोदय बुद्ध बिहार बागलुङलाई पनि पुरस्कृत गरेको छ । रु. २० हजार राशिको उक्त पुरस्कार बिहारका अध्यक्ष लिलाम्बर बज्राचार्यलाई प्रदान गरिएको थियो ।

कलाकार बाबुराम बज्राचार्य र उहाँकी धर्मपत्नी सरस्वती बज्रचार्यको स्मृतिमा उहाँका परिवारजनले विसं २०६६ मा स्मृति कोष खडा गरेका थिए । कोषबाट यसअघि मूर्तिकार ओम खत्री, कलाकार विक्रम श्रेष्ठ, लक्ष्मण शाक्यलगायत पुरस्कृत भइसक्नुभएको छ ।

# सडक भासिएर मृत्यु भएका दुवै पुरुषको सनाखत

**रासस**
**तनहुँ, २७ जेठ**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-४ साखर स्थित बाँध नजिक शुक्रबार बिहान सडक भासिँदा मृत्यु भएका दुबै पुरुषको सनाखत भएको छ ।

घटना पश्चात दमौली अस्पतालमा राखिएको शव मृतकका आफन्तजनले पहिचान गरेपछि सनाखत भएको हो । सो घटनामा परी मृत्यु हुनेमा गोरखा जिल्ला सिरानचोक गाउँपालिका-५ छोप्राक घरभई हाल आँबुखैरेनीमा बस्दै आउनुभएका ३५ वर्षीय केशव घिमिरे र मकवानपुर जिल्ला हेटौँडा नगरपालिका-७ निवासी ३३ वर्षीय हेमबहादुर भुजेल रहेको जिल्ला ट्राफिक कार्यालय तनहुँका प्रमुख प्रहरी नायब निरीक्षक गोकर्ण नेपालले जानकारी दिनुभयो । सडक भासिएको मर्स्याङ्दी नदी किनारमा दुई पुरुषको शव भेटिएपछि पोखरा र चितवनबाट आएको गोताखोर टोलीले नदीमा खोजतलास कार्यलाई तीव्रता दिइरहेको छ । भासिएको सडक विस्तारको लागि सडक डिभिजन कार्यालयका प्राविधिक टोलीले काम गरिरहेको छ । ठूला सवारी पास नहुने भएकाले साना सवारीलाई काम गरेको समयमा रोकेर अन्य समयमा पठाउने गरिएको निरीक्षक नेपालले बताउनुभयो ।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# दरमखोला : माछा मीठो असला, प्रदूषणले कुरमा कसरी बस्ला ?

–रामबहादुर थापा
बागलुङ, २७ जेठ

राजेन्द्र विक पेशाले सवारी चालक हुनुहुन्छ । जिपमा यात्रु बोकेर गन्तव्यतिर हुइँकिनु उहाँको दैनिकी हो ।

अपर्झट्को बिदा या यात्रु नपाइँदा भने विकलाई पनि फुर्सद मिल्छ । एकै दिनलाई भए पनि नियमित कामबाट उहाँ उम्कन पाउनुहुन्छ । विक अहिले ३३ वर्षको हुनुभयो । फुर्सदमा जहान परिवारलाई समय दिनुहुन्छ । घरधन्दामासघाउँनुहुन्छ।यसबाहेक उहाँको एउटा पुरानो सौख छ, माछा मार्ने । समय निक्ल्यो कि, खोला धाइहाल्नुहुन्छ उहाँ । उहाँ १०-११ वर्षको उमेरदेखि नै खोला आउजाउ गर्नुहुन्थ्यो । माछा मार्न, पौडी खेल्न र बालुवा झिक्न साथीहरूसहित विक खोलामा पुग्नुहुन्थ्यो । गलकोट नगरपालिका-९ मल्मस्थित उहाँको पुर्ख्यौली घरछेउ भएर दरमखोला बग्छ । असला माछाले देशदेशावर चिनाएको दरमखोलामा विकका बुवा रतनले जाल खेल्नुहुन्थ्यो । माछा मारेरै उहाँले परिवारको गुजारा धान्नुहुन्थ्यो । पछि राजेन्द्रले पनि बुवाबाट जाल हान्न सिक्नुभयो ।

"घरमा बुवाको जाल थियो, त्यसैबाट मैले पनि खोलामा जाल खेल्न सिके", उहाँ विगततिर फर्कनुभयो, "सानो छँदा हत्केला खेलेर पनि माछा छोपिन्थ्यो, भुक थाप्ने चलन पनि थियो ।" माछा मारेर बेचेको पैसाले आफूलाई चाहिने कापीकलम किन्ने गरेको राजेन्द्रले सम्झिनुभयो ।

सानैदेखि खोला छेउछाउ खुलेहुर्केको भएर पनि होला उहाँलाई अहिले पनि समय मिल्दा दरमखोला पुग्न मन लागिहाल्छ । "मसँग आफ्नै जाल छ, फुर्सदमा अहिले पनि माछा मार्न जान्छु, तर पहिलेझैँ माछा पनि छैनन्, खोला पनि दूषित हुँदै गएको छ, त्यो देख्दा मन खिन्न हुन्छ", विकले भन्नुभयो, "अहिले त माछा लुक्ने कुरमा डाइपर, प्लाष्टिक, लुगाफाटाका टुक्रा र सिसा भेटिन्छन् ।"

उहाँले आफूहरू सानोमा खोला छिर्दा जुन ढुङ्गाको कुरमा हात छिराए पनि माछा हात लाग्ने गरेको सुनाउनुभयो । अहिले भने स्थिति त्यस्तो छैन । दिनभर खोला चहारेर जाल हान्दा पनि माछा जालमा पर्दैनन् । माछा लुक्ने कुरमा फोहर भेटिने गरेको दुःखेसो पोखेर विकले मान्छेकै कारण माछा सङ्कटमा परेको दृष्टान्त राख्नुभयो । मानिसले मरेका कुखुरासमेत खोलामा मिल्काउने गरेको उहाँले सुनाउनुभयो । चिसो, सफा र बगिरहेको पानी मन पराउने असला माछा हराउँदै जानुमा मुख्य कारण खोला दूषित हुनुरहेको विकको तर्क छ । उहाँको भनाइमा स्थानीय गोम रानाले पनि 'सही' थप्नुभयो । "असला माछाको मुख्य आहारा भनेको लेउ हो, अहिले ढुङ्गामा लेउ होइन, हिलो र फोहर जमेको भेटिन्छ", रानाले भन्नुभयो, "जथाभावी गिट्टी, बालुवा झिक्ने, फोहर त्यहीँ फ्याँक्ने, खोला मासेर संरचना बनाउने गर्दा माछाको बासस्थान खल्बलिन पुग्यो, दूषित पानीले पनि माछालाई हुर्कन, बढ्न दिएन ।"

सहरोन्मुख गलकोटमा आवादी बढेसँगै आसपासका खोलानाला फोहोर र दुर्गन्धित हुँदै गएका छन् । अनियन्त्रित नदीजन्य पदार्थको उत्खननका कारण माछालगायत जलचर सङ्कटमा परेको छ ।

जलारीकै रुपमा लामो अनुभव बटुल्नुभएका रानाले दरमखोलाको असला माछा लोपोन्मुख अवस्थामा रहेको उल्लेख गर्नुभयो । "विषादी हाल्ने, पासो थाप्ने र करेन्ट लगाउँदा पनि असला माछा घट्दै गएको छ", उहाँले भन्नुभयो, "कुनै दिन दरमखोलाबाट असला माछा हराएर जान सक्ने खतरा छ ।" स्थानीय तवरबाट माछाको अवैध शिकारलाई नियन्त्रण गर्न खोजिए पनि लुकिछिपी माछा मार्ने गरिएको रानाले बताउनुभयो । उहाँले जाल खेल्दा पहिलेझैँ माछा पर्न छाडेको सुनाउनुभयो । "दरमखोलाको असला माछा मारेरै जीवन निर्वाह गर्ने परिवार थुप्रै थिए, अहिले माछाबाटै जीविका धान्छु भन्ने कोही पनि छैनन्, फाट्टफुट्ट गर्ने मात्र छन्", रानाले भन्नुभयो ।

कुनै समय गलकोट-९ बाँस्खोला, गल्याङ-७ को बामिया, आँगाखेत-९ को काँडेबासलगायत दरमखोला आसपासका दर्जनौँ परिवार माछामा आश्रित थिए । असला माछा कम पाइन थालेपछि मूल्य पनि अकाशिएको छ । एक किलो आलो असला माछा (आन्द्राभुँडी फालेको) रु ११ सयसम्म बिक्री हुने गरेको छ । सुकुटी पारेकोलाई प्रतिकिलो रु १० हजारसम्म भन्छन् । होटल, रेष्टराँमा त अझ महँगो पर्छ ।

त्यही असला माछा जसलाई रानाले आफू सानो छँदा प्रतिकिलो रु ४० सम्ममा बिक्री गर्नुभएको थियो । त्यसबेला माछा जति भने पनि पाइन्थ्यो, भाउ सस्तो थियो । अहिले असला माछा पाउनै कठिन छ, भाउ भने छोइनसक्नु छ । माछा मारेर परिवारको आयआर्जनमा सघाउँदै आउनुभएका गलकोट-७ मल्म बामियाका सचित्र गुरुङले दरमखोलाको असला माछा लोप हुँदै गएको बताउनुभयो ।

"खोलामा अहिले माछा नै छैन, केही वर्ष माछा मार्न रोक लगाउने हो भने संरक्षण हुनसक्छ", उहाँले भन्नुभयो, "मान्छेकै लापरवाहीका कारण दरमखोलाको असला माछा सङ्कटमा परेको हो ।" गुरुङसँगै बामियाका युवा अहिले पनि जाल खलेर माछा मार्छन् । कतिपय परिवारको मुख्य कमाइको स्रोतमा माछा नै पर्छ । दरमखोलाछेउ कृत्रिम तलाउमा 'रेम्बो ट्राउट'सँगै असला माछाको व्यावसायिक पालन गर्दै आउनुभएका हुम थापाले असला माछालाई मासिनबाट जोगाउन स्थानीयस्तरमा सचेतना जगाउनुपर्ने बताउनुभयो ।

"विष प्रयोग गर्ने, करेन्ट लगाएर माछा मार्नेलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ, यसमा नगर र स्थानीय प्रशासनले कडाइ गर्नुपर्छ", थापाले भन्नुभयो, "खासगरी खोला आसपासमा रहेका बस्ती र त्यहाँका युवाहरूलाई असला माछा संरक्षणको कुरा बुझाउनुपर्छ ।"

मनपरी हिसाबले शिकार हुने र खोलानालाको पर्यावरण पनि बिग्रँदै गएमा रैथाने जातको असला माछा सधैँका लागि हराएर जाने उहाँको भनाइ छ । दरमखोला मात्रै नभएर यहाँका बडिगाड, ठेउलेलगायतका खोलानालामा पनि असला माछा सङ्कटमा छ । रेष्टुराँ व्यवसायीसमेत रहनुभएका थापाले दरमखोलाको असला माछा 'ब्राण्ड'जस्तो बनिसकेको बताउनुभयो । होटल, रेष्टुराँमा पनि असला माछाको परिकार ग्राहकको रोजाइमा पर्ने गरेको छ । दरखोलाको असला माछा विदेशमा समेत कोशेलीका रुपमा जान्छ ।

सुकुटी पारिएको माछालाई महँगोमा किनेर भए पनि बाहिर रहेका आफन्तलाई पठाउने चलन छ । व्यवसायीले पनि विदेशमा कोशेली पठाउनेलाई लक्षित गरी माछाको सुकुटी बनाउँछन् । पोखरा, काठमाडौँजस्ता सहरमा पनि दरमखोलाको असला माछा पुग्छ । आलो माछालाई हप्तौँसम्म आगोमा सेकाएर सुकुटी बनाइन्छ । भेटेरेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले नदीनाला एवं प्राकृतिक जलाशयहरूमा माछा उत्पादन बढाउन स्याङ्जाको मिर्मिमा रहेको मत्स्य विकास केन्द्रमार्फत काम भइरहेको बताउनुभयो । "केन्द्रले नदीनालामा माछाका भुराहरू छाड्ने, खोला आसपासका बासिन्दालाई माछापालन व्यवसायका लागि सहायता गर्नेलगायतका काम गर्छ, बागलुङमा पनि हामी मिलेर काम गर्दैछौँ", उहाँले भन्नुभयो । गलकोट नगरप्रमुख भरत शर्मा गरैले दरमखोलामा हुने गरेको माछाको अवैध सिकारलाई नियन्त्रण गरिने प्रतिबद्धता जनाउनुभयो । उहाँले स्थानीयसँग मिलेर रैथाने जातका माछाको संरक्षण योजना बनाइने बताउनुभयो । "माछा मार्न खोलामा विष हाल्ने, करेन्ट लाउने, पासा थाप्ने जस्ता गतिविधि रोक्न प्रहरीलाई पनि निगरानी र कडाइ गर्न भन्छौँ", उहाँले भन्नुभयो, "तटीय क्षेत्रमा बसोबास गर्ने, जो वर्षौँदेखि माछाको व्यवसायसँग जोडिनुभएको छ, उहाँहरू पनि संवेदनशील हुनुपर्‍यो, खोलामा जथाभावी गर्न दिनुभएन ।"

केही वर्षअघि माछा मार्ने जलारी र स्थानीय सरोकारवाला पक्षको निर्णयबाट खोलामा बम हान्न, विष हाल्न र विद्युतीय शक्ति लगाएर माछा मार्न प्रतिबन्ध लगाइएपनि त्यो धेरै समय टिकेन । स्थानीय प्रशासनले पनि माछाको अनाधिकृत सिकारलाई रोक्न सकेन । असला माछाले वनस्पतिजन्य सुक्ष्म जीव लेउ, पानीमा बस्ने जीव गङ्गटा, झिँगे माछा, शङ्खे किरा, जलीय झारपात र किरा-फट्याङ्ग्राको आहारा गर्ने मत्स्य विज्ञहरू बताउँछन् ।

खोलानालाको पानी दूषित भएमा असला माछालाई रोग लाग्ने गरेको उनीहरूको भनाइ छ । असला माछा उच्च तथा पहाडी भेगका नदीनाला र तालतलैयामा पाइन्छ । १० देखि १५ डिग्री तापक्रममा यो माछा बाँच्छ । असला स्वादिलो माछामा गनिन्छ । यसको शरीर कत्लाले ढाकिएको हुन्छ । असलाले चिसो र बग्ने पानी मन पराउँछ । यो माछाको १७ प्रजातिमध्ये नेपालमा नौ प्रजाति रहेको बताइन्छ । असला माछाले कात्तिक-मङ्सिर र माघ-फागुनमा प्रजनन गर्छ ।

मनिसलाई चाहिने प्रोटिनको भरपर्दो र सर्वोत्तम स्रोतका रुपमा असला माछालाई लिइन्छ । नेपालमा ६०० देखि तीन हजार ५०० मिटरको उचाइसम्म असला माछा पाइन्छ । स्वादिष्ट र गुणकारी असला माछालाई सङ्कटबाट नजोगाउने हो भने गायक वसन्त थापा र गायिका निता पुनमगरको गीतमा मात्र सीमित नबन्ला भन्न सकिन्न ।

'माछा मिठो असला दरमखोलाको
ओ... मायाले सुनेनौ र बो'लाको, किन टोलाको...!'

# दुई तिहाइभन्दा बढी पुँजीगत बजेट खर्च हुन बाँकी

पोखरापत्र संवाददाता
म्याग्दी, २७ जेठ

चालु आर्थिक वर्ष २०७८/७९ सकिन करिब एक महिना बाँकी रहँदा म्याग्दीमा भित्रिएको दुई तिहाइभन्दा बढी विकास बजेट खर्च हुन बाँकी छ ।

आर्थिक वर्षको करिब ११ महिनाको अवधिमा म्याग्दीमा सङ्घीयको पुँजीगततर्फ १९.८७ प्रतिशत र प्रदेशको पुँजीगततर्फ ३२.३६ प्रतिशत बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ । कोष तथा लेखा नियन्त्रक रामभक्त रानाभाटले बिहीबारसम्म सङ्घीयको चालुतर्फ ८२.७८ प्रतिशत र प्रदेशको चालुतर्फ ४८.४१ प्रतिशत बजेट खर्च भएको जानकारी दिनुभयो । "तलबभत्ता, प्रशासनिक काम र स्थानीय तहलाई दिइने अनुदानसँग सम्बन्धित चालु बजेटको खर्च सन्तोषजनक छ", उहाँले भन्नुभयो, "तर पुँजीगत खर्चलाई असारको अन्तमा मात्र नभएर अन्य समयमा पनि कसरी बढाउन सकिन्छ भन्ने बहस हुनुपर्ने देखिन्छ ।" पुँजीगततर्फ सङ्घीयको रु ५४ करोड २० लाख ८३ हजार विनियोजन भएकोमा हालसम्म रु १० करोड ७६ लाख ९५ हजार ४८६ र प्रदेशको रु ७८ करोड ५३ लाख विनियोजन भएकोमा रु २५ करोड ४० लाख ४५ हजार ५६८ खर्च भएको छ । चालुतर्फ सङ्घीय सरकारले स्थानीय तहलाई दिने अनुदानसहित रु तीन अरब ३४ करोड तीन लाख ७७ हजार ४१४ विनियोजन भएकोमा रु दुई अर्ब ७६ करोड ४८ लाख ६२ हजार ३१४ खर्च भएको छ । चालुतर्फ प्रदेशको रु ४७ करोड ४० लाख ९८ हजार विनियोजन भएकोमा रु २२ करोड ९४ लाख ९७ हजार ४३६ खर्च भएको कोलेनिकाले जनाएको छ ।

समयमा खर्च गर्ने अख्तियारी नआउने, ठेक्का र खरिद प्रक्रिया पूरा गर्न दोस्रो चौमासिकसम्म समय लाग्ने तथा कतिपय भएका कामको भुक्तानी पनि अन्तिम समयमा माग्ने चलनका कारण पुँजीगत बजेट खर्च कम देखिएको पूर्वाधार विकास कार्यालयका प्रमुख गुरुदत्त अधिकारीले बताउनुभयो । सङ्घीय कार्यालयमार्फत रु १२ करोड ३४ लाख ११ हजार ६२१ र प्रदेश कार्यालयमार्फत रु दुई करोड ६३ लाख ९२ हजार ७०५ राजस्व सङ्कलन भएको छ । कोलेनिकाले अन्तशुल्क दर्ता र नवीकरणबापत रु तीन लाख २७ हजार ९०० राजस्व सङ्कलन गरेको छ ।

# अझै बलेन बिजुली

पोखरापत्र संवाददाता
म्याग्दी, २७ जेठ

म्याग्दीको मालिका गाउँपालिका-३ खटेनमा वायरिङ गरेको दुई वर्षसम्म पनि केन्द्रीय प्रसारण लाइनको बिजुली बलेको छैन ।

बिजुली बल्ने आशामा वायरिङ गरेका खटेनवासी निरास भएका छन् । विद्युतीकरणका लागि गाउँमा लगिएका सामग्री अलपत्र परेका छन् । मालिका गाउँपालिका-३ का अध्यक्ष मोतिप्रसाद बुढाले विद्युतीकरणमा भएको ढिलाइ र सामग्री अलपत्र परेको विषयमा नेपाल विद्युत् प्राधिकरणको बेनीस्थित कार्यालयमा पुगेर ध्यानाकर्षण गराएको बताउनुभयो ।

"दुई वर्षदेखि अधुरो विद्युतीकरण योजनालाई पूर्णता दिन प्राधिकरणको कार्यालयको ध्यानाकर्षण गराएका छौँ", उहाँले भन्नुभयो, " पोल गाडेको, तार तानेको र वायरिङ गरेको दुई वर्षसम्म पनि बिजुली नबल्दा स्थानीय निरास बन्नुका साथै विद्युतीकरणका सामग्री बेवारिसे भएका छन् ।" खटेनका १५० घरधुरीमा विद्युतीकरणका लागि तयारी छन् । वडाध्यक्ष बुढाका अनुसार मिटरबक्स जडान र लाइन जडान गरेमा ती घरधुरीमा बिजुली बल्छ । खटेनवासीले च्युरीबोटमा रहेको दाजुङखोला लघुजलविद्युत् परियोजनाको विद्युत् प्रयोग गर्दै आएका छन् ।

खटेनसँगै रहेको इग्रेमा भने दुई वर्षअघि नै बिजुली बालिएको थियो । खटेन र इग्रेका लागि विद्युतीकरणका लागि जडान गरिएको ट्रान्सफर्मर चार्ज भइसकेको छ । नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रका इन्जीनियर शिवराज पौडेलले मालिका गाउँपालिकामा विद्युतीकरणका लागि चालु आर्थिक वर्षमा प्राप्त भएको रु एक करोड ५० लाख बजेटको ठेक्का सम्झौताको तयारी भएको बताउनुभयो ।

"सामग्री खरिद भइसकेको छ", उहाँले भन्नुभयो, "मजदुरको काम गर्न आह्वान गरिएको ठेक्का मूल्याङ्कन गरेर सम्झौताको तयारीमा छौँ ।" मालिका गाउँपालिकाको वडा नं ३ मा खटेनसहित पात्ले, लुक्सीपार, औल भिरवाङ, स्याकलुङमा विद्युतीकरण बाँकी छ । इग्रे, लामखोरे, सराग्दी र किटिनीमा विद्युतीकरण गरेर केन्द्रीय लाइन विस्तार गरिसकिएको छ ।

# गोरखामा बाढी, पहिराले घरमा क्षति, सडक अवरुद्ध

पोखरापत्र संवाददाता
गोरखा, २७ जेठ

लगातारको अविरल वर्षापछि आएको बाढी र पहिराले गोरखामा एक घर बगाएको छ भने १० घरमा क्षति पुर्‍याएको छ ।

बाढी र पहिराले १० घरमा क्षति पुर्‍याएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ । गएराति परेको मुसलधारे वर्षापछि आएको बाढीले पालुङ्टार नगरपालिका-६ मा केशरबहादुर थापाको घर पहिराले बगाएको हो । अविरल वर्षापछि चुतीखोलामा आएको बाढीका कारण अहिले पालुङ्टार-९ सेरा बजार उच्च जोखिममा रहेको वडाध्यक्ष भेजराज पाण्डेले जानकारी दिनुभयो । त्यस्तै सोही वडामा स्थानीय सरस्वती विक, खेलबहादुर गुरुङ, पदमबहादुर थापा, वीरबहादुर राना, ज्योति रानालगायतको घरमा पहिराले क्षति पुर्‍याएको प्रहरीले जनाएको छ । छापथोक उखुबारीको बस्ती माथिबाट झरेको पहिराले पनि चार घर उच्च जोखिममा रहेको स्थानीय बासिन्दाले बताएका छन् । उखुबारीमा स्थानीय जगतबहादुर गुरुङ, रञ्जना गुरुङ, टेकबहादुर गुरुङ र सोमबहादुर गुरुङको घरमा पहिरो पसेको छ । पालुङ्टार-९ जोगीबेंसीमा राममाया कुँवरको घर पनि खहरे खोलाले क्षतिग्रस्त बनाएको छ । बाढीले जोगीबेंसीदेखि बिर्दीसम्मको करिब तीन हजार रोपनीभन्दा बढी खेत बगरमा परिणत भएको स्थानीयको भनाइ छ । यता गोरखाको बारकिलो-छेवेटार-भालुस्वाराँ-बारपाक सडक खण्डमा पहिरोले क्षति पुर्‍याएको प्रहरीले जनाएको छ । सिरानचोक गाउँपालिका ७ र ८ मा पर्ने बिरालेझ्याङ र केराघारीमा पहिरो झर्दा सडक अवरुद्ध भएको छ । कानटारमा झरेको पहिरोले आँबुखैरेनी मनकामना सडक पनि अवरुद्ध रहेको प्रहरीले जनाएको छ ।

# ११ महिनामा बाघको आक्रमणबाट १५ को मृत्यु

रासस
चितवन, २७ जेठ

मानव बस्तीमा पसेर मान्छेलाई आक्रमण गर्ने बाघलाई नियन्त्रणमा लिइएको छ । चितवन राष्ट्रिय निकुञ्जको प्राविधिकसहितको टोलीले सो बाघ शुक्रबार नियन्त्रणमा लिएको हो ।

उक्त बाघले शुक्रबार बिहान ६ बजे तरकारी टिप्न खेतमा जाने क्रममा राप्ती नगरपालिका वडा नं. १ का ४३ वर्षीय इन्द्रबहादुर थिङ (वाईबा) लाई आक्रमण गरी घाइते बनाएको थियो । सोही क्षेत्रबाट बाघलाई 'डार्ट' गरेर नियन्त्रणमा लिइएको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले बताउनुभयो । उहाँका अनुसार बस्ती नजिकको झाडीबाट बाघलाई नियन्त्रणमा लिइएको हो ।

उक्त बाघलाई निकुञ्जको सौराहा क्षेत्रमा रहेको खोरमा राखिने छ । सो भाले बाघको उमेर भने खुलेको छैन । यस अघि नियन्त्रणमा लिइएका दुई वटा बाघ कसरास्थित खोरमा राखिएको छ । चितवनमा पछिल्लो समय बाघको आक्रमण बढेको छ । निकुञ्ज र मध्यवर्ती क्षेत्रमा गएको ११ महिनामा बाघको आक्रमणबाट १५ जनाको मृत्यु भएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बड्ने |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

पुष्पलाल मित्रता केन्द्र
पोखरा-८ कास्की, गण्डकी प्रदेश

सिलवन्दी दरभाउ पत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७९/०२/२७

पुर्वाधार विकास कार्यालय गण्डकी प्रदेश स्तरिय विकास बजेटबाट पोखरा महानगरपालिका वडा नं. ८ अर्न्तगत पुष्पलाल मित्रता केन्द्रमा कार्यालय व्यवस्थापन तथा फर्निचरहरु खरिद गर्नुपर्ने भएको हुदाँ इजाजत प्राप्त फर्म वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्दी दरभाउ पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि मोबाइल नं. ९८४६७७२३३० मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं. | विवरण | थान |
|---|---|---|
| १. | कर्नर सोफा सेट १३ मिटर | सेट १ |
| २. | सादा कुर्चि (हात राख्ने नभएको) | ७० थान |
| ३. | नमस्ते कुर्चि (हात राख्ने नभएको) | ३० थान |
| ४. | हल टेवल (९६X३०X२४) इन्च | २ थान |
| ५ | अफिस टेवब (४५X२३X२९) इन्च | २ थान |
| ६ | पोडियम टेबल (४८X२३X१८) इन्च | १ थान |
| ७ | अफिस बुककेश (६६X३५X१८) इन्च | २ थान |
| ८ | घुम्ने कुर्ची | २ थान |

पुष्पलाल मित्रता केन्द्र
पोखरा-८, कास्की

# चिमखोलामा बहुआयामिक नमूना ग्राम कार्यक्रम लागू

रासस
म्याग्दी, २७ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा बहुआयामिक नमूना ग्राम कार्यक्रम लागू भएको छ । विपन्न, सीमान्तकृत समुदायलाई समेटेर लैङ्गिक समानताउन्मुख नमूना गाउँ स्थापना गर्ने उद्देश्यले दलित र मगर समुदायको बसोबास भएको चिमखोलामा नमूना ग्राम कार्यक्रम सञ्चालन गरिएको हो ।

सडक, खानेपानी, विद्युत्, सञ्चार, पैदलमार्ग, भवनलगायत भौतिक पूर्वाधार निर्माण, नेतृत्व र क्षमता विकासमार्फत लैङ्गिक, जातीय समानता कायम गरी सामाजिक तथा सीपको विकास, रोजगारी सिर्जना र आयआर्जन वृद्धि गरी आर्थिक रुपान्तरण गर्ने उद्देश्य रहेको छ ।

रघुगङ्गा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले स्वीकृत गरेको नमूना ग्राम कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार कार्यक्रम कार्यान्वयन थालिएको बताउनुभयो । "गत माघमा रु ९६ करोडको डिपिआर स्वीकृत गरेर पहिलो चरणमा गाउँपालिकालाई पठाएको रु ११ लाख बजेटबाट सीपमूलक तालिम सञ्चालन गरेका छौँ", उहाँले भन्नुभयो, "मन्त्रालय आफैँले पनि तालिम सञ्चालनका लागि थप रु छ लाख विनियोजन गरेको छ ।"

सातवटा प्रदेशको एक-एकवटा पालिकामा लागू गरिएको कार्यक्रमका लागि गण्डकी प्रदेशको चिमखोलालाई छनोट भएको हो । प्रतिनिधिसभा सदस्य तथा पूर्व महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाका अनुसार आर्थिक, सामाजिक र भौतिकरूपमा नमूना गाउँ बनाउन कार्यक्रम सञ्चालन गरिएको हो । भौतिक पूर्वाधारलाई बालबालिका, ज्येष्ठ नागरिक र महिलामैत्री बनाउने, लैङ्गिक समानता र विभेदरहित समाज निर्माण र नागरिकको आर्थिकस्तर सुधारमा सघाउ पुग्ने योजना तथा कार्यक्रमलाई समेटेर डिपिआर बनाइएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो ।

सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने अवधारणा छ । मन्त्रालयबाट स्वीकृत भइसकेको कार्यक्रमलाई मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत र राष्ट्रपतिबाट घोषणा गराई विषयगत मन्त्रालयमार्फत डिपिआरमा उल्लेखित कार्यक्रम र योजनामा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

# मर्स्याङ्दी जलविद्युत् आयोजनाबाट प्रभावितको माग

पोखरापत्र संवाददाता
दमौली, २७ जेठ

तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित मर्स्याङ्दी जलविद्युत् आयोजनाको बाँधको कटानबाट प्रभावित स्थानीयवासीले मुआब्जा माग गरेका छन् । आयोजनाको ड्यामले कटानको जोखिममा पर्दै गएका स्थानीयवासीले आयोजनासँग मुआब्जा माग गरेका हुन् ।

आयोजना प्रमुखलाई ज्ञापनपत्र बुझाउँदै स्थानीयवासीले जोखिममा परेका ठाउँका जग्गा अधिग्रहण गरी क्षतिपूर्ति दिन माग गरेका छन् । स्थानीयवासीले मर्स्याङ्दी जल उत्पन्न प्रकोप नियन्त्रण कार्य सम्पादन समिति गठन गरी केही दिनदेखि आन्दोलन गरिरहेका छन् । स्थानीयवासीले आज पनि आयोजनाको कार्यालयमा धर्ना दिएको समितिका संयोजक विष्णु पराजुलीले जानकारी दिनुभयो ।

आँबुखैरेनी-२ मा रहेको जलविद्युत् आयोजनाले निर्माण गरेको जलाशयगृह आसपास रहेका स्थानीय जग्गाधनीको घडेरी बर्सेनि कटान हुने क्रम जारी रहेकाले उक्त जग्गाका उचित मूल्य निर्धारण गरी मुआब्जा रकम उपलब्ध गराउन माग गरिएको पराजुलीले बताउनुभयो । "बर्सेनि पर्ने अविरल वर्षाका कारण अनियन्त्रित तवरबाट पानीको बहाव बढ्न गई घरहरू असुरक्षित भइरहेको, स्थानीयवासीले जीवनमरणको दोसाँधमा जिउन बाध्य छौँ", उहाँले भन्नुभयो, "भविष्यमा मानवीय क्षतिसमेत बेहोर्नुपर्ने सम्भावनालाई मध्यनजर गरी उक्त जग्गाको उचित क्षतिपूर्ति पाउनुपर्छ भन्ने हाम्रो माग हो ।"

यसअघि पनि पटक-पटक सङ्घर्ष समितिबाट सम्बन्धित निकायमा निवेदन दिँदा पनि कुनै किसिमको पहलकदमी नभएको पराजुलीले बताउनुभयो । "हाम्रो माग पूरा नभए कार्यालयबाट निर्माण गरिने कुनै पनि किसिमको तटबन्धनसम्बन्धी कार्य र जलविद्युत् गृहबाट उत्पादन हुने विद्युत् उत्पादन कार्य रोक्का गर्छौं", उहाँले भन्नुभयो, । ६९ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको आयोजनाको बाँधले यहाँका १४ घर उच्च जोखिममा परेका छन् । स्थानीयवासीले उक्त मागको बारेमा आँबुखैरेनी गाउँपालिका, जिल्ला प्रशासन कार्यालयलाई पनि जानकारी गराएको छ ।

# दोर्दीखोला आयोजनाले शनिबारदेखि बिजुली उत्पादन परीक्षण थाल्ने

-जनक श्रेष्ठ
लमजुङ, २७ जेठ

हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीले लमजुङमा निर्माणगरेको दोर्दीखोला जलविद्युत् आयोजनाबाट शनिबारदेखि बिजुली उत्पादन परीक्षण थालिने भएको छ । दोर्दीखोलामा निर्माण गरिएको २७ मेगावाट क्षमताको उक्त आयोजनाले हप्ता-दश दिनअघि सम्पूर्ण निर्माण पूरा गर्दै शनिबारदेखि बिजुली उत्पादन परीक्षण थाल्ने भएको हो ।

आयोजनाका साइड इन्चार्ज दीपक ज्ञवालीले भन्नुभयो, "हामीले आठ-दश दिनअघि नै आयोजनाको सम्पूर्ण निर्माण सम्पन्न गरेर भोलि शनिबारदेखि पाँच दिन जति बिजुली उत्पादन परीक्षण गर्न लागेका छौँ । पावरहाउससम्म पानी ल्याएर टर्वाइन सबै घुमाएर कतै केही छ कि भनेर जाँच गर्छौं, हुन त हामीले तीन महिना पहिला पनि युनिट-१ को सफल परीक्षण गरिसकेका थियौँ, अहिले आयोजनाको तीनवटै टर्वाइन जाँच गर्नेछौँ, यसमा हामी सफल हुने अपेक्षाका साथ अघि बढेका छौँ ।" सफल परीक्षण भए पनि व्यावसायिकरूपमा बिजुली उत्पादन हुन भने केही समय लाग्ने भएको छ । आयोजनाबाट उत्पादित बिजुली उदिपुरमा रहेको २२० केभीको राष्ट्रिय प्रसारण लाइन निर्माण भइसकेकाले राष्ट्रिय प्रसारण लाइनमा जोडिहाल्न नसकिने हुँदा बिजुली खेर जाने भएको आयोजनाले जनाएको छ । उक्त प्रसारण लाइनको ट्रान्समिसन एक-डेढ महिनामामै सम्पन्न हुने बताइए पनि कहिले सम्पन्न हुन्छ, हामी त अन्योलमै छौँ, आयोजनाका साइट इन्चार्ज ज्ञवालीले भन्नुभयो । ट्रान्समिसन लाइन दुई-चार महिनासम्म पनि बनेन भने पनि निर्माण सम्पन्न नहुञ्जेल नै राष्ट्रिय प्रसारण लाइनमा बिजुली जोड्न पर्खेरै बस्नुपर्छ । यस आयोजनाले विभिन्न समयमा म्याद थप गर्दै हालै निर्माण पूरा गरेको हो ।

इलेट्रो-मेकानिकल, पेनस्टकको इनटेक, फिल्डर पाइपलगायत काम सम्पन्न भइसकेको छ । ती सबैको सफल परीक्षणसमेत भइसकेको छ । त्यस्तै पाइप बिच्छ्याउने, सुरुङ खन्नेलगायत निर्माण पनि पूरा भएको छ । पनस्टेकको ७०० मिटर, तीन हजार २०० मिटरको सुरुङ खन्ने तथा पाइप बिच्छ्याउने, अर्को दुई हजार २७० मिटरको सुरुङको सम्पूर्ण काम सबै सम्पन्न भइसकेको छ । आयोजनाको बाँधस्थल २१२ मिटर 'ग्रसहेड' रहेको हो । बेँसीसहर नगरपालिका-११ रामचोकबैँसीमा पावरहाउस बनाइएको छ । विसं २०७२ फागुनदेखि निर्माण सुरु गरिएको यस आयोजनाले विसं २०७५ भदौ १५ गते विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको थियो । तर नाकाबन्दी, अधिल्लो वर्षायाममा विद्युत्गृहमा मर्स्याङ्दी नदीको पानी छिरेर मेसेनेरी सामानमा पुऱ्याएको क्षति, कोरोनाका कारण जारी निषेधाज्ञा र सुरुङ निर्माण गर्ने क्रममा कमजोर चट्टान भेटिएकाले पनि निर्माणमा ढिलाइ हुँदै आएको र निर्धारित समयमा काम सम्पन्न हुन नसकेर पटक-पटक म्याद थप्दै निर्माण सम्पन्न गरिएको आयोजनाले जनाएको छ । पछि समय थपेर विसं २०७६ चैत मसान्तसम्ममा निर्माण सके सम्झौता गरे पनि सोही अवधिमा पनि निर्माण सम्पन्न नभएपछि असारसम्म सक्ने गरी म्याद बढाइएको थियो । सो समयमा पनि निर्माण सम्पन्न गर्न नसकेपछि पुस महिनामा बिजुली उत्पादन गर्ने लक्ष्यका साथ काम अघि बढाइएको थियो । सो समयमा पनि बिजुली उत्पादन गर्न नसकेपछि विसं २०७७ चैत महिनासम्मको भाका राखिएकामा २०७८ जेठको पहिलो हप्तामा बल्ल निर्माण सम्पन्न भएको थियो ।

सुरुमा रु चार अर्ब २३ करोड लाग्ने अनुमानका साथ आयोजनाले निर्माण थालनी गरे पनि निर्माण अवधि लम्बिँदै गएकाले रु चार अर्ब ६४ करोडसम्म खर्च हुनभएको हुनसक्ने आयोजनाको अनुमान छ । यस आयोजनामा गैरआवसीय नेपाली सङ्घ (एनआरएनए)को ३५ दशमलव सात प्रतिशत, आइएमई ग्रुपको ३४ दशमलव तीन प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी छ । नेपाल विद्युत् प्राधिकरण र सो कम्पनीबीच विसं २०६९ असार १ गते पिपिए सम्झौता भएको थियो । आयोजनाका अनुसार सुक्खायाममा आठ रुपैयाँ ४० पैसा र वर्षायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरिद गर्ने सम्झौता भएको छ ।

# सवारी साधनको दर्ता अब तनहुँबाटै

पोखरापत्र संवाददाता
दमौली, २७ जेठ

तनहुँको बन्दीपुर गाउँपालिकास्थित डुम्रेमा रहेको यातायात व्यवस्था कार्यालयले जिल्लाबाटै सवारी साधन दर्ता कार्य सुरु गर्ने भएको छ ।

पोखराबाट मात्र हुँदै आएको सवारी साधन दर्ताको काम अब तनहुँबाट पनि सुरु हुन लागेको हो । तनहुँबाटै सवारी साधन दर्ता हुने भएपछि सवारी साधन दर्ताका लागि पोखरा जानुपर्ने बाध्यताको अन्त्य हुने भएको छ । यो कार्यले तनहुँ मात्र नभई गोरखा, लमजुङका सर्वसाधारणलाई पनि सहज हुनेछ । कार्यालय प्रमुख विष्णु केसीले केही दिनभित्रै सवारी साधन दर्ताको काम सुरु हुने जानकारी दिनुभयो । "अहिले बिलबुक मात्रै नवीकरणको काम गर्दै आएको कार्यालयले अब केहीदिनमै सवारी साधनको दर्ता सुरु गर्ने तयारी गरेको छ", केसीले भन्नुभयो, "अब यहींबाटै सवारी चालक अनुमतिपत्र नवीकरण र नयाँ वितरणको कामसमेत सुरु हुन्छ ।"

कार्यालयले सम्भव भएसम्म असार पहिलो हप्ताबाट सवारी चालक अनुमतिपत्र वितरण र नवीकरणको कामसमेत सुरु गर्ने तयारी गरेको छ । सवारी चालक अनुमतिपत्र वितरणका लागि परीक्षा र ट्रायल दिने व्यवस्था मिलाउन कार्यालयले विमलनगरमा पूर्वाधार निर्माण थालेको छ । यातायात व्यवस्था कार्यालयले अनलाइनमा फाराम खुलाएपछि विमलनगरमा ट्रायल दिने व्यवस्था मिलाइनेछ । कार्यालयले बिलबुक नवीकरणको काम भने सुरुदेखि नै गर्दै आएको छ । कार्यालयले विमलनगर-४ मा एक घर पाँच वर्षका लागि भाडामा लिनका लागि सम्झौता गरिसकेको छ । सवारी चालक अनुमतिपत्र वितरण र नवीकरण पनि तनहुँबाट हुने भएपछि यस भेगकै सर्वसाधारणलाई राहत मिल्नेछ । अहिले सवारी साधन दर्ता, सवारी चालक अनुमति नवीकरणलगायत कामका लागि पोखरासम्म जानुपर्ने अवस्था छ ।

# पहिरोले चिसोपानीमा दुई घर उच्च जोखिममा

पोखरापत्र संवाददाता
लमजुङ, २७ जेठ

पहाडी जिल्लामा लमजुङको बेँसीशहर नगरपालिका वडा नं. २ चिसोपानीमा केहीदिनदेखि परेको वर्षाले जमिन भासिदा यहाँका दुई घर उच्च जोखिममा परेको छ । गत २२ गतेदेखि जान थालेको पहिरो शुक्रबार बिहान पनि थपिएसँगै जोखिमी बढेको हो ।

चिसोपानीदेखि बासपानी जाने सडकमाथिदेखि भासिएर लालबहादुर बिक र शालिमा बिकको घर नजिकै आइपुगेको र दैनिक पानी परेका कारण भासिने क्रम बढ्दै गएकाले उच्च जोखिममा पुगेको स्थानीयवासी हिरासिंह गुरुङले बताउनुभयो । करिब ४० मिटर लामो पहिरो घरनजिकै आइपुग्न करिब दुई मिटर जति बाँकी भएकाले ती घरका परिवार त्रस्त भएको उहाँको भनाइ थियो । राति सुत्दा पनि डराई डराई सुत्ने गरेको र बढी पानी आउँदा रातभर जाग्राम बस्न थालेको पीडित लालबहादुरले बताउनुभयो । उहाँले भन्नुभयो, विगत केही वर्षदेखि अलि अलि पहिरो जाने गरेको थियो तर यसवर्ष त ठूलो पहिरो नै गएर घर नै जोखिम बनाउँदा चिन्ता बढेको छ । अर्का रनबहादुर विकको घर गत २२ गते सोही पहिरोले घर भत्काएको थियो ।

घरमा कुनै मान्छे नबस्ने भएकाले त्यसबेला मानवीय क्षति भने भएन । त्यस्तै हिरासिंह गुरुङकै कुखुराको फर्म र टनेल पनि जोखिममा पुगेको छ । सो पहिरोका कारण गत २२ गतेयता चिसोपानीदेखि बासँपानी जाने सडक नै अवरुद्ध भइरहेको छ ।

# स्टेप बाई स्टेप मा.वि.मा अंग्रेजी वक्तृत्वकला

पोखरापत्र संवाददाता
पोखरा, २७ जेठ

स्टेप बाई स्टेप मा.वि. मासवार पोखरामा कक्षा ९ र १० का विद्यार्थी बिच अंग्रेजी वक्तृत्वकाला प्रतियोगिता भएको छ । प्रतियोगितामा विद्यालयका संस्थापक प्रिन्सिपल निर्मला बरालले वक्तृत्वकला व्यक्तित्व विकासको महत्वपूर्ण विषय भएको भन्दै सम्पूर्ण विद्यार्थीले यस्ता कार्यक्रममा भाग लिएर व्यक्तित्व विकास गर्ने हौसला दिनुभयो । संस्थापक निर्देशक रमाकान्त बरालले विद्यार्थी जीवनमा सिकेका वक्तृत्वकला जस्ता कुरा जीवनभर काम लाग्ने भएकाले भाग लिएर अगाडि बढ्न अनुरोध गर्नु भयो ।

प्रतियोगितामा समुह_ए बाट रोश्नी पाठक प्रथम , कमल बहादुर क्षेत्री र उन्नती बराल दितीय, अगस्त्य बस्याल तृतीय तथा करुणा सिरिस र सुदर्शन बराल सान्त्वना हुन सफल भएका थिए ।

समूह_बि बाट प्रकृती शर्मा ,प्रकृती भण्डारी , प्रियाङ्का शर्मा तथा चर्चा लामिछाने र प्राप्ती अधिकारी क्रमश प्रथम द्धितीय तृतीय र चतुर्थ हुन सफल भएका थिए । विद्यालयका अंग्रेजी विभाग प्रमुख रुपेश पौडेल र लक्ष्मण भण्डारीले मुल्याङ्कन गर्नुभएको कार्यक्रमको सञ्चालन विज्ञान विभाग प्रमुख युवराज लामिछानेले गर्नुभएको थियो ।

# त्रिविमा छानविन समिति गठन गर्न नेविसंघको माग

रासस
काठमाडौं, २७ जेठ

नेपाली काग्रेसको प्रमुख भातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले त्रिभुवन विश्वविद्यालयमा उच्चस्तरीय छानविन समिति गठन गर्न माग गरेको छ ।

नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पाले आज एक विज्ञप्ति जारी गरी त्रिविभित्रको भ्रष्टाचार, बेथिति र आस्थाका आधारमा प्राध्यापक, विद्यार्थी र कर्मचारीमाथि भएको शृङ्खलाबद्ध प्रहारका बारेमा छानविन गर्न १५ दिनभित्र उच्चस्तरीय निष्पक्ष छानविन समिति गठन गर्न माग गर्नुभएको हो ।

अध्यक्ष शेर्पाले त्रिविमा भएको भ्रष्टाचार, बेथिति र आस्थाका आधारमा प्राध्यापक, विद्यार्थी र कर्मचारीमाथि भएको शृङ्खलाबद्ध प्रहारको विरोधमा नेविसङ्घले विगत पाँच महिनादेखि लगाएको तालासमेत खोल्ने बताउनुभएको छ । उहाँले त्रिविभित्र हुने जुनसुकै अराजक गतिविधिलाई नियन्त्रण गर्नुपर्छ भन्ने मान्यता नेविसङ्घले लिएको बताउँदै शैक्षिक वातावरण बिथोल्ने आफ्नो सङ्गठनको कुनै मनसाय नरहेको स्पष्ट पार्नुभयो ।

अध्यक्ष शेर्पाले त्रिविमा नेविसङ्घ समर्थित विद्यार्थीलाई अनेक लाञ्छना लगाउँदै नेविसङ्घको सामाजिक, राजनीतिक र शैक्षिक योगदानमा हिलो छ्याप्ने कार्य भएको भन्दै दुःखसमेत व्यक्त गर्नुभएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटन स्थित डेभिज फल्समा सार्वजनिक शौचालय निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : डेभिजफल्समा सार्वजनिक शौचालय निर्माण
उपभोक्ता समिति : गुप्तेश्वर महादेव गुफा एवं छोरेपाटन मावि पार्किङ व्यवस्थापन समिति, पोखरा-१७
योजना सम्झौता मिति : २०७८/१०/१० गते
योजना सुरु मिति : २०७८/१२/११ गते
योजना सम्पन्न मिति : २०७९/०२/३० गते
योजनाको कुल लागत : रु. ११,२०,०००/-
महानगरपालिकाबाट प्राप्त : रु. १०,००,०००/-
उपभोक्ताबाट : रु. १,२०,०००/-

**उपभोक्ता समिति**
फपिन्द्रराज रेग्मी
इश्वरी प्रसाद लम्साल
कमल कान्त उपाध्याय
बाबुराम लामिछाने
रविलाल शर्मा
युवराज लामिछाने (युवक)
सीता बराल

**अनुगमन समिति**
विष्णु प्रसाद पौडेल
महदत्त भट्टराई
धन कुमारी पौडेल

गुप्तेश्वर महादेव गुफा एवम् छोरेपाटन मावि
पार्किङ व्यवस्थापन समिति,
पोखरा-१७, कास्की



## बिमालेख हरायो

गुराँस लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारी गरिएको निम्न लिखित बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध छ ।
नाम: सरिता बिक
बिमालेख नं.: ०६१००१४०२८

सम्पर्क
गुराँस लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रिय कार्यालय, पोखरा
फोन ०६१-५२४४५०



## ब्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## दमौली, तनहुँ

**मिनि पावर टिलर खरिद सम्बन्धी दररेट पेश गर्ने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०७९/०२/२८**

धान उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत बाली विकास कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत मिनी पावर टिलर खरिद गर्नुपर्ने भएकाले निम्नलिखित सामानको सात दिनभित्र दररेट व्यास नगरपालिकामा पेश गर्नुहुन अनुरोध छ ।

१) मिनिटिलर ९ एच पि डिजल
२) मिनिटिलर ७ एच पि डिजल
३) मिनिटिलर ७ एच पेट्रोल

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१) फर्म दर्ता प्रमाणपत्र
२) भ्याट दर्ता प्रमाणपत्र
३) आ.व. २०७७/२०७८ कर चुक्ता प्रमाणपत्र
४) आधिकारिक बिक्रताको प्रमाणपत्र